# मालारानी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
खनदह अर्घाखाँची
५ नं. प्रदेश नेपाल

पत्र संख्याः ०७५।०७६
चलानी नं

मितिः २०७५/१२/२७

**विषयः आधारभूत तह परीक्षाको पुनर्योग र ग्रेडवृद्धि परीक्षा - २०७५ सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आधारभूत तह (कक्षा-८) परीक्षा उपसमितिको मिति २०७५ चैत्र २७ गते बसेको बैठकको निर्णय अनुसार उल्लेखित परीक्षाको नतिजा प्रकाशन भैसकेकोले उक्त परीक्षाको पुनर्योग र ग्रेड वृद्धि परीक्षा सम्बन्धमा तपशिल अनुसार हुने सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

१. प्रकाशित नजिजामा पुनर्योग आवश्यक ठान्नुहुने परीक्षार्थीहरुले आफ्नो प्रवेशपत्रको प्रतिलिपि, विद्यालयको सिफारिस र पुनर्योग गर्नुपर्ने विषय उल्लेख गरी प्रति विषय रु १०० दस्तुरसहित २०७६ बैशाख ५ गतेभित्र गाउँपालिकाको शिक्षा शाखामा निवेदन गर्नुपर्नेछ ।
२. उल्लेखित परीक्षाका अनिवार्य विषयमा डि. र ई. ग्रेड प्राप्त गरेका परीक्षार्थीहरुले ग्रेड वृद्धि गर्न चाहेमा आफ्नो प्रवेशपत्रको प्रतिलिपि, विद्यालयको सिफारिस र प्रतिविषय रु १०० दस्तुर सहित विद्यालयमार्फत् २०७६ बैशाख १० गतेभित्र गाउँपालिकाको शिक्षा शाखामा निवेदन गर्नुपर्नेछ । ग्रेडवृद्धि परीक्षाको फारम गाउँपालिकाको शिक्षा शाखाबाट प्राप्त गर्न सकिनेछ ।
३. ग्रेडवृद्धि परीक्षा २०७६ बैशाख १५ गतेबाट सुरु हुनेछ । परीक्षाको विस्तृत समय तालिका आवेदन प्राप्त भएपछि प्रकाशित गरिनेछ ।

..................................
रमेश पन्थी
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत